# साहित्यको समाजशास्त्रीय चिन्तनमा विलियम्सको धारणा

*रामहरि लम्साल*[*]

**_लेखसार_**

*रेमन्ड विलियम्स साहित्यको समाजशास्त्रीय अध्ययनको छुट्टै अवधारणा प्रस्तुत गर्ने पछिल्ला अंग्रेज विचारक हुन् । उनले साहित्यको समाजशास्त्रीय अध्ययनका लागि संस्कृतिको समाजशास्त्र र अनुभूतिको संरचनालाई सैद्धान्तिक मान्यताका रूपमा प्रतिपादन गरेका छन् । विलियम्सले साहित्यको समाजशास्त्रीय अध्ययन गर्दा यिनै दुईटा अवधारणामा केन्द्रित रहेर कुनै पनि साहित्यिक कृतिहरूको समग्र अन्तर्वस्तुको अध्ययन गर्न सकिन्छ भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन् । उनले संस्कृतिको समाजशास्त्रमा साहित्यको विवेचना गर्दा विचारभन्दा बढी अनुभवलाई महफ्व दिएका छन् र वर्गभन्दा समुदायलाई मूल्य र अर्थको मुख्य स्रोत मानेका छन् । अर्कोतर्फ उनले अनुभूतिको संरचनाका माध्यमबाट रचनाको वैयाक्तिक, जीवन्त र आत्मपरक पक्षको उद्घाटन हुने कुराको उल्लेख गरेका छन् । यस लेखमा सहित्यकार, आलोचक एवं समाजशास्त्री विलियम्सको परिचय, विशेषता र उनले प्रतिपादन गरेको साहित्यको समाजशास्त्रीय अध्ययनका विषयमा चर्चा गरिएको छ । यस लेखमा विलियम्सको संस्कृतिको समाजशास्त्र र अनुभूतिको संरचनासम्बन्धी उनको दृष्टिकोण साहित्यको समाजशास्त्रीय विश्लेषण गर्ने विशिष्ट सैद्धान्तिक अवधारणाका रूपमा स्थापित भएको विषय उद्घाटन गर्दै साहित्यिक समालोचनाका क्षेत्रमा उनको समाजशास्त्रीय अध्ययनसम्बन्धी मान्यता र प्रस्तावनाहरू महफ्वपूर्ण योगदान भएको निष्कर्ष प्रस्तुत गरिएको छ ।*

**शब्दसङ्ग्रहः** अभिजात संस्कृति, जनसंस्कृति, निर्द्वन्द्वभाव, विच्छिन्न, विश्वदृष्टि

## विषयपरिचय

बेलायती लेखक तथा साहित्यकार रेमन्ड विलियम्स सामाजिक अध्येता पनि हुन् । प्रस्तुत लेख विलियम्सद्वारा प्रतिपादि साहित्यको समाजशास्त्रीय चिन्तनसम्बन्धी अवधारणाको अध्ययन हो । उनले साहित्यको समाजशास्त्रीय अध्ययनका निम्ति दुईवटा दृष्टिकोणहरू प्रस्तुत गरेका छन् । उनले मूलतः तत्कालीन बेलायती समाजको समकालीन रानीतिक तथा सांस्कृतिक समस्याको वैचारिक विमर्श र व्यापक चिन्तन गरेका छन् । उनको लेखन कार्य विशेषतः वैचारिक सुस्पष्टता, साहित्यिक एवं सांस्कृतिक इतिहास, सामाजिक आलोचना र समाजशास्त्रीय अध्ययनका क्षेत्रमा विशेष उल्लेख्य रहेको छ । विलियम्सलको लेखन विभिन्न विधामा फैलिएको छ तापनि यस लेखमा उनले साहित्यको समाजशास्त्रीय अध्ययनका लागि प्रस्तुत संस्कृतिको समाजशास्त्र र अनुभूतिको संरचनाको मात्र अध्ययन गरिएको छ । यस लेखमा विलियम्सद्वारा प्रतिपादित संस्कृतिको समाजशास्त्र र अनुभूतिको संरचनाको सैद्धान्तिक अवधारणालाई अध्ययनको केन्द्र बनाइएको छ । अध्ययनका क्रममा विलियम्सको सङ्क्षिप्त परिचय, उनको सामाजशास्त्रीय अवधारणाको प्रवृत्तिगत विशेषता, संस्कृतिको समाजशास्त्र र अनुभूतिको संरचनासम्बन्धी दृष्टिकोणको मुख्य मान्यता एवं साहित्यिक योगदानको चर्चा गर्दै निष्कर्ष प्रस्तुत गरिएको छ । उनले प्रस्तुत गरेका दृष्कोिणका आधारमा साहित्यिक कृतिको समाजशास्त्रीय अध्ययन र विश्लेषण गर्ने विधि जिज्ञासाको विषय हो । प्रस्तुत लेखमा

[*] उप-प्राध्यापक, सरस्वती बहुमुखी क्याम्पस (मानविकी संकायः नेपाली विभाग), त्रिभुवन विश्वविद्यालय, नेपाल

रेमन्ड विलियम्सद्वारा साहित्यिक कृतिको समाजशास्त्रीय अध्ययनका निम्ति प्रतिपादित संस्कृतिको समाजशास्त्र र अनुभूतिको संरचनासम्बन्धी मान्यता, उनको लेखन प्रवृत्तिगत विशेषता र योगदानसम्बन्धी जिज्ञासाको समाधान पहिल्याउन तदनुरूपका विषयसामग्रीको अध्ययन र विश्लेषण गरिएको छ ।

## अध्ययनको विधि

प्रस्तुत लेख रेमन्ड विलियम्सद्वारा प्रतिपापदत साहित्यको समाजशास्त्रीय आलोचनाका दुई वटा सैद्धान्तिक विधिहरू- संस्कृतिको समाजशास्त्र र अनुभूतिको संरचनासम्बन्धी अवधारणाको विमर्शात्मक अध्ययन हो । यस लेखमा विलियम्सद्वारा प्रतिपादित उल्लिखित विधिहरूकको अध्ययन र विश्लेषणका क्रममा उनको सङ्क्षिप्त परिचय र लेखन वैशिट्यको अध्ययन गरिएको छ । विलियम्सद्वारा प्रतिपादित संस्कृतिको समाजशास्त्र र अनुभूतिको संरचनाको सैद्धान्तिक अवधारणा यसको प्राथमिक अध्ययन सामग्री हो । उनको सिद्धान्तका विषयमा लेखिएका लेख, समालोचना र जीवनीपरक रचनाहरू यस अध्ययनका द्वितीयक अध्ययन सामग्री हुन् । यस लेखका निम्ति आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय अध्ययन कार्यबाट गरिएको हो । आगमन विधिको उपयोग गरी तयार पारिएको यस लेखमा विलियम्सका समाजशास्त्रीय अध्ययनका उद्देश्य र जिज्ञासाका साथै अन्तर्वस्तुको संक्षिप्त विश्लेषण गरिएको छ ।

## रेमन्ड विलियम्सको परिचय

सेवा गरे । उनले दोस्रो विश्वयुद्धका बेला ब्रिटिस सैनिक सेवामा प्रवेश गरी सैन्य अभ्यासको अनुभवसमेत पसंयुक्त अधिराज्यको वेल्समा एउटा गरिव मजदुर परिवारमा सन् १९२१ को अगस्ट ३१ तारिखका दिन जन्मिएका साहित्यिक समाजशास्त्री रेमन्ड विलियम्स सबैभन्दा पछिल्ला समाजशास्त्रीका रूपमा परिचित छन् । विलियम्स वेल्सका प्राज्ञ, उपन्यासकार र साहित्यिक समालोचक पनि हुन् । विलियम्सको प्रारम्भिक शिक्षा राजा हेनरी आठौँ ग्रामर स्कुलबाट सम्पन्न भएको हो । उनले ट्रिनिटी कलेजबाट विश्वविद्यालय शिक्षा प्राप्त गरेका हुन् । उनले सन् १९६४ मा क्याम्ब्रिज विश्वविद्यालयबाट एम्.ए.उत्तीर्ण गरेपछि अक्सफोर्ड विश्विद्यालयमा प्राप्त गरेका थिए । विलियम्सले अंग्रेजी कवि थोमस स्ट्रिम्स इलियटको *नोट्स टुवर्ड्स द डिफिनिसन अफ कल्चर* (सन् १९४८) नामक लेखनबाट प्रभावा ग्रहण गरी आफ्नो संस्कृतिसम्बन्धी धारणा निर्माण गर्न थालेका हुन् (विकिपेडिाया, ३ जनवरी, २०२०) । उनले अक्सफोर्डबाटै आफ्नो लेखकीय परिचय बनाएका हुन् । उदार संस्कृतिका पक्षमा काम गर्दै आएका विलियम्स नयाँ वामपन्थ भित्रका प्रभावशाली व्यक्तित्व मानिन्छन् । विलियम्स एउटा मजदुर परिवारको सदस्य भएर जन्मिएकाले उनले सानैदेखि मजदुरहरूका समस्या, तिनका गतिविधि र आन्दोलनहरू देख्न र अनुभव गर्न पाएका थिए । उनले मजदुर वर्गले आफ्ना समस्याहरूको उठान गर्दै त्यसको समाधानका निम्ति गरेका विभिन्न आन्दोलनहरू देखेर त्यसबारेको वास्तविकता जान्न र बुझ्न पाएका थिए । यिनै सामाजिक परिस्थितिले गर्दा उनले मजदुरहरूको सामाजिक अवस्थाका सम्बन्धमा सानैदेखि विशेष धारणा बनाएका थिए । उनको त्यही धारणा नै पछि सजग र सचेत रूपमा मजदुर वर्गको जीवन, जीवन-मूल्य र सांस्कृतिक चेतना बुझ्नका लागि सहयोगी बन्यो । वेल्सको जनजीवन र जनसंस्कृतिलाई आफ्नो वास्तविक जीवनमा उतार्ने काम विलियम्सले गरेका छन् । विलियम्सका सम्बन्धमा मैनेजर पाण्डेय लेख्छन्-

> रेमन्ड विलियम्स त्यस्ता व्यक्ति थिए जो आकासमा उँडेर पनि कहिल्यै हराएनन् र आफ्नो धर्तीलाई बिर्सिएनन् । वेल्सको जनजीवन र सांस्कृतिक चेतनामा भित्रसम्म प्रवेश गरेर प्राप्त

> शक्तिका माध्यमबाट उनले अंग्रेजीको प्रभावशाली सांस्कृतिक विचारधारासँग जुधेर आफ्नो अलग सांस्कृतिक मान्यता स्थापित गरे (सन् १९८९, पृ. १६२) ।

पाण्डेयको यस कथनबाट विलियम्सलाई आफ्नै अंग्रेजी संस्कृतिले कुनै प्रभाव पार्न नसकेको बुझिन्छ । विलियम्स क्याम्ब्रिजको अभिजात संस्कृतिमा घुलमिल भएर पनि वेल्सको निम्नवर्गीय जनजीवनप्रति समर्पित भएका कारण उनलाई अभिजात संस्कृतिले प्रभाव पार्न सकेन । उनले सांस्कृतिक चिन्तनको अंग्रेजी अभिजात धारालाई चुनौती दिँदै जनसंस्कृतिको महत्त्व स्थापित गरेका छन् । इतिहास, साहित्य, समाज, संस्कृति, उपन्यास, कथा, नाटक र समालोचना तथा अन्य धेरै वैचारिक रचनाहरूका लेखक विलियम्सको देहावसान सन् १९८८ जनवरी २६ मा ६६ वर्षको उमेरमा बेलायतको स्ट्याफर्न वाल्डेन भन्ने ठाउँमा भएको हो ।

## रेमन्ड विलियम्सको विशेषता

साहित्यिक समालोचक एवम् समाजशास्त्री रेमन्ड विलियम्सले समाज र साहित्यका सम्बन्धमा आफ्नो केही मान्यताहरू प्रस्तुत गरेका छन् । समाजशास्त्रीय समालोचनाको सैद्धान्तिक प्रस्तावनाका रूपमा विलियम्सद्वारा अगाडि सारिएका सामाजिक मान्यताहरू नै उनको साहित्यिक समाजशास्त्रीय दृष्टिकोणलाई पुष्टि गर्ने वैचारिक सवालहरू हुन् । उनले प्रस्तुत गरेका अवधारणाका मूलभूत प्रवृत्तिहरू उनका लेखकीय विशेषता हुन् । उनको अवधारणाका प्रवृत्तिगत विशेषतालाई सूत्रबद्ध गर्दै निम्नानुसार प्रस्तुत गरिएको छ-

- रेमन्ड विलियम्स संस्कृतिलाई जीवनको समग्र पद्धतिका विभिन्न तत्त्वसित सम्बन्ध स्थापित गराउने सामाजिक घटक मान्दछन् । उनले साहित्यको सामाजशास्त्रीय अध्ययनमा सांस्कृतिक पक्ष महत्त्वपूर्ण हुन्छ र यसलाई अलग गरेर साहित्यिक अध्ययनलाई पूर्णता दिन सकिँदैन भन्ने विचार प्रस्तुत गरेका छन् । सामाजिक संस्कृतिको द्योतक उद्योग, लोकतन्त्र, वर्ग, कला र संस्कृति जस्ता आधारभूत शब्दहरूको अर्थको विकाससँगै सामाजिक जीवनका चिन्तनहरूको विकास हुन्छ भन्ने विचार प्रस्तुत गर्दै शब्दका अर्थको संरचनालाई जीवन र चिन्तनको संरचनाको द्योतक मानेका छन् ।

- उनले आफ्ना पूर्ववर्ती स्वच्छन्दतावादी कविहरू, महत्त्वपूर्ण विचारकहरू, आलोचकहरू र लेखकहरूका महत्त्वपूर्ण कृति तथा लेख रचनामाथि विचार विमर्श गर्दै आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक प्रक्रियाबिच रहेको सम्बन्धको पहिचान गर्नुलाई एक प्रकारको सिद्धान्तको स्थापना मानेका छन् । संस्कृतिलाई जीवन्त अनुभव, कलाकृतिमा रहेको दस्तावेजी अभिलेख र यी दुवैको सम्बन्धबाट निर्मित छनोट परम्पराको स्तरीकृत संस्कृतिको रूप मान्नुका साथै दार्शनिक र सिर्जनात्मक कृतिमा अभिव्यक्त मानवीय चिन्तन र अनुभवलाई दस्तावेजी रूप मानेका छन् ।

- उनले कला वा साहित्यमा व्यक्त अनुभवको स्वरूप, भाषा, भाषिक रूप र अभिप्रायको आलोचनात्मक मूल्याङ्कनबाट संस्कृतिको खास रूपको विवेचना हुने विश्वासका साथ विभिन्न स्तरमा देखिने तिनका जटिल सम्बन्धको पहिचान गर्दै समुदायलाई वर्गलाई भन्दा बढी महत्त्व दिएका छन् । समाज र संस्कृतिलाई अनुभववादी दृष्टिबाट मूल्याङ्कन गर्नु उनको मान्यता रहेको छ । समाजमा गरिने सांस्कृतिक व्यवहारलाई आर्थिक र राजनीतिक व्यवहार सरह मान्दै सांस्कृतिक प्रक्रियाको परिणाम र प्रभाव बदल्न उत्पादन प्रक्रिया, साधन, व्यवहार र परिस्थितिको ऐतिहासिकतामा जोड दिनुपर्छ भन्ने धारणा प्रस्तुत गरेका छन् । ऐतिहासिक, द्वन्द्वात्मक र समग्रतावादी दृष्टिकोणबाट समाजशास्त्रीय दृष्टिकोणको विकास गर्दै साहित्यको सामाजिकता अध्ययन गर्न सकिने विचार प्रस्तुत गर्नु उनको सिद्धान्तको गुदी हो ।

- उनले साहित्यलाई संस्कृतिको प्रमुख रूप मान्दै साहित्यलाई सांस्कृतिक सन्दर्भमा र संस्कृतिलाई व्यापक सामाजिक सन्दर्भमा राखेर हेर्ने प्रयास गरेका छन् । साहित्यको सिद्धान्तलाई सांस्कृतिक सिद्धान्तबाट अलग राख्न सकिँदैन भन्ने मान्यता स्थापित गर्नुका साथै समाज, संस्कृति र साहित्यलाई जोड्ने मुख्य कडी परम्परालाई मानेका छन् । परम्पराको माध्यमबाट समाज, संस्कृति र साहित्यका बिचको जटिलता व्याख्या गर्न सकिन्छ भन्ने धारणा प्रस्तुत गर्नु पनि उनको सिद्धान्तको विशेषता रहेको छ ।
- उनले परम्परा निरन्तर सक्रिय चयन र पुनः चयनका रूपमा अगाडि आउने भएकाले यसलाई निरपेक्ष समग्रताका रूपमा लिनु हुँदैन । परम्पराको बोध हरहमेसा छनोट, संग्रह र त्यागका दृष्टिबाट सक्रिय रहन्छ र यो मूलतः सामाजिक दृष्टिबाट जोडिएको हुन्छ भन्ने मान्यता स्थापित गर्नु उनको प्रमुख कार्य हो । कुनै एक काल विशेषमा गरिने व्यवहार, मूल्य र अभिप्रायको एउटा प्रभुत्वशाली केन्द्रीय पद्धति हुन्छ र यसका साथसाथै एउटा वैकल्पिक व्यवस्था हुन्छ अनि त्यसैले दोस्रो परम्पराको जग बसाल्छ भन्ने मान्यता स्थापित गरेका छन् ।
- उनले सामाजिक-सांस्कृतिक विकाससँगै एउटा अवशिष्ट वा उदीयमान परम्परा पनि सामाजिक र सांस्कृतिक स्तरमा क्रियाशील रहन्छ । जुन परम्पराको अनुभव वा मूल्यको प्रमाणीकरण प्रधान संस्कृतिको भाषामा अभिव्यक्त हुँदैन । यो त पूर्ववर्ती संगठनको अवशेषका रूपमा सामाजिक सांस्कृतिक स्तरमा क्रियाशील रहन्छ भन्ने मान्यता स्थापित गरेका छन् ।
- उनले समाजमा निरन्तर बनिरहने नयाँ अर्थ र मूल्य, नयाँ व्यवहार, नयाँ अनुभव, नयाँ सार्थकतालाई समाहित गर्ने प्रयास प्रभुत्वशाली परम्परा र वैकल्पिक परम्परा दुवैमा हुन्छ । यसको सत्यता प्रधान संस्कृतिमा निहीत धार्मिक मूल्य र अभिप्रायको विरोधमा रहेको धार्मिक मूल्यबाट प्रमाणित हुन्छ भन्ने मान्यता प्रस्ताव गर्नु उनको समाजशास्त्रीय अवधारणाको विशेषता हो ।

## संस्कृतिको समाजशास्त्र

कुनै खमस किसिमको समाज बुझ्नका लागि त्यस समाजको संस्कृति बुझ्नु अवश्यक छ र संस्कृतिको व्यवहारिक पक्षको अध्ययनबाट समाजको चरित्र विश्लेषण गर्न सकिन्छ भन्ने दृष्टिकोण नै संस्कृतिको समाजशास्त्र हो । युरोपमा साहित्यिक कृतिमा संस्कृतिको प्रभावका सम्बन्धमा समाजशास्त्रीय विवेचनाका अनेकौं परम्परा रही आएका छन् । तीमध्ये फ्रन्सेली परम्परा एक हो । यस परम्पराका मार्ग दर्शकहरूमा हिपोलाइट टेन, गोल्डमान र रेबेर स्कार्पी प्रमुख मानिन्छन् । यस परम्परामा संस्कृति र साहित्यको सामाजिक भूमिकाको विश्लेषणमा बढी जोड दिइएको छ । संस्कृतिको समाजशास्त्रीय अध्ययनको अर्को परम्परा जर्मन हो । जर्मन भाषामा लेखिएका रचनाहरूमा साहित्यिक-सांस्कृतिक समाजशास्त्रको विवेचना गरिएको छ । यसमा संस्कृतिको विचारधारात्मक रूप र पाठकमा पर्न जाने साहित्यिक प्रभावको विश्लेषण गरिएको छ । फ्रान्स र जर्मनीको साहित्यिक समाजशास्त्रीय परम्परामा समाजसित संस्कृति र साहित्यको सम्बन्धको खोजी गरिन्छ । यसबाहेक अर्को भिन्न अंग्रेजी परम्परा पनि सांस्कृतिक अध्ययनको क्षेत्रमा निकै महफ्वपूर्ण मानिदै आएको छ । सांस्कृतिक अध्ययनको अंग्रेजी परम्पराको प्रारम्भका विषयमा ताराकान्त पाण्डेय लेख्छन्-

> सांस्कृतिक अध्ययनको आरम्भ सन् १९६० मा बेलायतबाट सुरु भएको हो । बर्मिङघम विश्वविद्यालयमा *सेन्टरफर कन्टेम्पोररि कल्चरल स्टडिज*को स्थापनासँगै यही केन्द्र सांस्कृतिक अध्ययनको जेठो सम्प्रदाय बन्यो जसको एकजना प्रवर्तक रेमन्ड विलियम्स हुन् ... उनले नै

> उच्च अभिजात संस्कृतिको विरोधमा नयाँ औद्योगिक श्रमिक वर्गको संस्कृतिलाई स्थापित गराउने र लोकप्रिय संस्कृतिका रूपमा चिनाउने दायित्व बोध गरे (२०७३, पृ. ५९) ।

यसबाट के स्पष्ट हुन्छ भने फ्रान्सेली र जर्मनी सांस्कृतिक अध्ययन परम्पराभन्दा अंग्रेजी सांस्कृतिक अध्ययन परम्परा भिन्न छ । फ्रान्सेली र जर्मनी परम्परामा समाजलाई साहित्य र संस्कृतिको उद्‌गम मानिदै आएको छ भने इङ्ल्यान्डको परम्परामा साहित्य नै संस्कृतिको केन्द्रीय रूप हो । अंग्रेजी सांस्कृतिक अध्ययन परम्पराका एक जना संस्थापक विलियम्स हुन् र उनले अभिजात संस्कृतिभन्दा श्रमिक संस्कृतिलाई महफ्व दिएका छन् । अभिजात संस्कृतिको विरोध गर्दै औद्योगिक श्रमिक वर्गको संस्कृतिलाई स्थापित गराउने काम विलियम्सले नै गरेका हुन् ।

समाजशास्त्रीय आलोचना समाज केन्द्रित हुन्छ । समकालीन समाजका यावत् गतिविधिलाई हेर्ने सामाजिक दृष्टिकोण नै समाजशास्त्रीय आलोचना हो । लेखक र समाजको सम्बन्धबाट वैचारिकताको विकास हुने र त्यसबाट समाजशास्त्रीय समालोचनाको जन्म हुने भएकाले यो संस्कृतिकेन्द्री हुन्छ भन्ने विचार रही आएको छ । यसका सम्बन्धमा शशिभूषण पाण्डेय लेख्छन्-

> समाजशास्त्रीय आलोचनामा लेखक र जनताको बिचको सम्बन्धबाट पनि विचारको सञ्चार संभव छ । लेखक जे लेख्छ त्यो समाजको अभिव्यञ्जक हुन्छ । ऊ कुनै न कुनै रूपबाट समाजसितको सम्बन्ध स्थापित गरिरहेको हुन्छ । ऊ जे सोच्दछ त्यसमा एक संस्कृति रहेको हुन्छ । त्यसै अनुरूप ऊ विचारको ग्रहण गर्छ, प्रतिकिया दिन्छ, प्रतिशोध वा प्रतिकार गर्छ र पलायन हुन्छ (सन् १९९२ पृ. ६०) ।

पाण्डेयको यस किसिमको अभिव्यक्तिबाट पनि संस्कृतिको समाजशास्त्र सामाजिक सम्बन्धको विश्लेषण गर्ने एउटा महत्त्वपूर्ण दृष्टिकोण हो भन्ने बुझिन्छ ।

साहित्यको समाजशास्त्रीय अध्ययन विशेषत: पाश्चात्य साहित्यको अङ्ग्रेजी समालोचना परम्पराको योगदान हो । साहित्यिक समाजशास्त्रको विवेचना गर्ने अंग्रेजी समालोचना परम्पराले इतिहास र समाजको मूर्तीकरणमा जोड दिन्छ । यस परम्पराले व्यक्तिगत र सामुहिक अनुभवका रूपमा सांस्कृतिक पहिचान हुने विश्वास राख्छ र साहित्यिक कल्पना शक्तिमा विशेष जोड दिन्छ । रेमन्ड विलियम्सले उत्कृष्ट सामाजिक मूल्य र चिन्तनका लागि तथा जीवनको आलोचनाका लागि रचना गरिने साहित्यि ककृतिको कल्पनामा सामाजिक हस्तक्षेपकारी शक्ति हुन्छ भन्ने विचार प्रस्तुत गरेका छन् । उनले समाजशास्त्रीय दृष्टिकोणबाट साहित्यको समाजलाई हेर्ने संस्कृतिको समाजशास्त्र निर्माण गरेका हुन् । उनले सामाजिक संस्कृति र साहित्यको सम्बन्ध विश्लेषण गर्न थालेदेखि जीवनको अन्तिम समयसम्म संस्कृतिको समाजशास्त्रीय सिद्धान्त निर्माण गर्ने प्रयासमा नै जीवन समर्पित गरेका छन् । उनले संस्कृतिलाई समाजको परिवर्तनशील ऐतिहासिक भौतिक सन्दर्भबाट गतिशील सम्बन्धको सम्प्रेषण र व्याख्या गर्ने जुन व्यापक व्यवस्था निर्माण गरे त्यो नै संकृतिको समाजशास्त्र हो । विलियम्स संस्कृतिलाई जीवनको एक समग्र पद्धतिका रूपमा व्याख्या गर्छन् । यस किसिमको व्याख्यामा संस्कृतिसम्बद्ध भिन्न तत्वहरूका बिच पारस्परिक सम्बन्धको विश्लेषण गरिन्छ ।

साहित्यिक समाजशास्त्री रेमन्ड विलियम्सले आफ्नो *द लङ्ग रिभोलुसन* (सन् १९६१) नामक पुस्तकमा संस्कृतिलाई तीन रूपमा व्याख्या गरेका छन् । उनले उल्लेख गरेको संस्कृतिको समाजशास्त्रसम्बन्धी पहिलो रूप हो- संस्कृतिलाई एक जीवन्त अनुभवका दृष्टिले व्याख्या गर्नु । उनको संस्कृतिको समाजशास्त्र सम्बन्धी दोस्रो रूप हो- संस्कृतिलाई कलाकृतिमा जीवन्त रहने दस्तावेजका रूपमा हेर्नु । यस्तै उनको संस्कृतिको

समाजशास्त्रसम्बन्धी व्याख्याको तेस्रो रूप हो- संस्कृतिलाई जीवनको अनुभव र कलाकृतिको सम्बन्धबाट निर्मित परम्परा मानिएका रूपमा हेर्नु । विलियम्सका अनुसार संस्कृतिको दस्तावेजी रूप दार्शनिक र सिर्जनात्मक कलाकृतिहरूमा प्राप्त हुन्छ । ती कलाकृति र साहित्यिक रचनामा मानवीय चिन्तनको अभिव्यक्ति हुन्छ । त्यसैले लेखक कलाकारको विचार तथा अनुभवहरूको स्वरूप, भाषा, भषिक रूप र अभिप्रायमा सामाजिकता प्रकट हुन्छ भन्ने समालोचकीय अवधारणा नै विलियम्स प्रतिपादित सांस्कृतिको समाजशास्त्र हो । संस्कृति समाजमा गरिने आर्थिक, राजनीतिक व्यवहार जस्तै आधारभूत सामाजिक व्यवहार हो । संस्कृतिबाट नै समाजको रूप बन्दछ भन्ने उनको धारणा रहेको छ । उनले साहित्यको समाजशास्त्रमा सामाजिक इतिहास र समाजको मूर्तीकरण यी दुई कुरा प्रमुख रहन्छ भनेका छन् । विलियम्सको यस अवधारणाका आलोचकहरूले वर्ग समाजमा संस्कृति जीवनका यावत् संघर्षको समग्र पद्धति हुने भएका वर्गलाई महफ्व नदिई समुदायलाई महफ्व दिनु विलियम्सको कमजोरी ठानेका छन् । खासगरी एडवर्ड पाल्मर थमसनले संस्कृतिको प्रसङ्गमा विलियम्सले वर्गलाई भन्दा समुदायलाई बढी महफ्व दिएको आरोप लगाएका छन् तापनि सामाजिकता अध्ययनका निम्ति सांस्कृतिक पक्ष नै विशेष उल्लेख्य हुन्छ भन्ने विषयमा धेरैको समर्थन रहेको छ ।

## अनुभूतिको संरचना

कुनै पनि साहित्यिक कृतिमा रहेको विचारको पक्षभन्दा अनुभूतिको पक्षलाई निश्चित युगीन समाज र सामाजिक सन्दर्भसँग जोडेर समाजको व्याख्या/विश्लेषण गर्ने समाजशास्त्रीय दृष्टिकोण नै अनुभूतिको संरचना हो । साहित्यिक समाजशास्त्री रेमन्ड विलियम्सले आफ्नो लेखनमा समाजसित संस्कृतिको जीवन्त र सर्जनात्मक सम्बन्ध रहने कुरा जोड दिएका छन् । उनको यस व्याख्यामा सहयोग पुऱ्याउने केन्द्रीय अवधारणा अनुभूतिको संरचना हो । विलियम्सद्वारा प्रतिपादित साहित्य र अनुभूतिको संरचनाका सम्बन्धमा निर्मला जैन लेख्छिन्-

> महान् साहित्य र त्यसको उत्पादनमा संलग्न सामाजिक वर्ग दुवैको वास्तविक अर्थवत्ता प्रमाणिक मूल्यहरूको खोजी र दुवैको बिच हुने संघर्षमा निर्भर रहन्छ । प्रामाणिक मानव समाजमा यस्तो मूल्य मानवीय आवश्यकता, आकांक्षा, अपेक्षा आदिका माध्यमबाट पारस्परिक सामाजिक क्रिया प्रतिक्रिया हुन्छन् । समाजशास्त्रीको कार्य साहित्यिक रचनामा ऐतिहासिक सामाजिक प्रतिबिम्बको खोजी गर्नु मात्र नभई विशिष्ट साहित्यिक कृतिमा रहेको मूल्यको प्रकृति स्पष्ट पार्नु पनि हो । यसै कार्यलाई रेमन्ड विलियम्सले अनुभूतिको संरचना भनेका छन् (सन् १९९२, पृ. ६)

जैनले विलियम्सको अनुभूतिको संरचनाको विश्लेषण गर्दै अनुभूतिलाई भावका रूपमा प्रयोग गरिएको बताएकी छन् । भाव भन्नु नै अनुभूति हो र साहित्यमा हुने अनुभूतिलाई भाव वा विचारका रूपमा व्याख्या गर्दै सामाजिक सम्बन्ध स्पष्ट पार्न सकिने धारणा यसमा प्रस्तुत गरिएको छ ।

कुनै एक कालको अध्ययनमा त्यस कालको भौतिक जीवन, सामाजिक संगठन र प्रधान विचारलाई पुनःनिर्माण गर्न सकिन्छ । यी तत्वहरूबाट निर्मित समग्रताको कुनै एक अंशसित जोडेर कालिक सम्बन्ध खोज्दा फेरि अर्को कुनै चिजसित सम्बन्ध जोड्न मुस्किल हुन्छ । उनले यसैलाई एक कालको अनुभूतिको संरचना भनेका छन् । यो कुनै कलाकृतिको समग्रतामा अनुभव गरेर नै जान्न सकिन्छ । संरचनाले कुनै सुनिश्चित रूपको बोध गराउँछ भने अनुभूतिले कलाको अनुभव पक्षको बोध गराउँछ भन्ने विचार

विलियम्सले प्रस्तुत गरेका छन् । उनको अनुभूतिको यस संरचनालाई एक कालिक संस्कृति पनि भनिन्छ । किन कि कालमा नै अनुभूतिको संरचना पाइन्छ र समाजलाई जान्न कालको महफ्वपूर्ण भूमिका रहन्छ ।

अनुभूतिको संरचनाको विकास र परिवर्तन सायास नभएर अनायास हुने गर्छ । किन कि यो अचेतन स्तरमा गतिशील हुन्छ । अनुभूतिको संरचनालाई कुनै कक्षाकोठाको व्याख्यान वा अभ्यासमा सिकाइँदैन र सिकिँदैन । यो सहज रूपमा प्राप्त हुन्छ र एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै जान्छ । एउटा पुस्ताले अर्को पुस्तालाई उसको सामाजिक चरित्र र सांस्कृतिक ढाँचाको शिक्षा प्रदान गर्दछ । तर पनि नयाँ पुस्ताको अनुभूतिको संरचना आफ्नै हुन्छ । विलियम्सले आफ्नो लेखनमा वर्गको सट्टा समुदायलाई महफ्व दिदएका छन् । वर्ग एक वैचारिक धारणा हो । उता समुदाय चाहिँ एक सहज र स्वाभाविक किसिमले निर्मित मानव जमात हो । अनुभूतिको संरचनाका माध्यमबाट रचनामा रहेको वैयाक्तिक, आत्मपरक, जीवन्त वस्तु र विचार पक्षलाई केलाउन सकिन्छ । यसरी कलाकृतिमा रहेको विशिष्ट, यथार्थ र स्वानुभूति मूलक विषयको वैचारिकतालाई अनुभूतिको संरचनाका माध्यमबाटबाट विवेचना गर्न सकिन्छ भन्ने विलियम्सको वैचारिक धारणा रहेको छ । यस सम्बन्धमा ताराकान्त पाण्डेय लेख्छन्-

> विलियम्सको विचारमा अनुभूतिको संरचना व्यवहारिक अनुभव र सैद्धान्तिक उपकरण दुवै हो । यो इतिहासलाई मूल्याङ्कन गर्ने साधान हो । यो कुनै उत्पादन होइन बरु एउटा प्रक्रिया हो । यसबाट साहित्यको विकास प्रक्रिया र त्यसको सामाजिक परिवर्तनको ढाँचाको सम्बन्धलाई पनि हेर्न सकिन्छ । यस पद्धतिले पूर्व निर्धारित पद्धतिलाई विस्थापित गरेको छ र अन्तर्सम्बन्धलाई स्थापित गरेको छ । उनका विचारमा यो अन्तर्सम्बन्धित विधि हो (२०७३, पृ. ३४) ।

यसर्थ अनुभूतिको संरचना व्यवहारिक अनुभवको जगबाट तयार हुने सैद्धान्तिक अवधारणा हो । यसरी अनुभव वा अनुभूतिको स्तरमा नै कुनै रचनामा वैयाक्तिकता बढी प्रकट हुन्छ, विचारको स्तरमा हुन सक्दैन भन्ने धारणा विलियम्सले प्रस्तुत गरेका छन् । त्यसैले उनको विशेष जोड विचार पक्षको विश्लेषणमा भन्दा अनुभूति पक्षको विश्लेषणमा रहेको छ ।

साहित्यमा विश्वदृष्टि, विचारधारा वा वर्गदृष्टिको कुरा गर्दा रचनाको जीवन्त अनुभव पक्ष उपेक्षित हुन्छ भन्ने धारणा विलियम्सले प्रस्तुत गरेका छन् । अनुभूतिको संरचनाले वैयाक्तिकताका साथै सामाजिकता तर्फ पनि सङ्केत गर्दछ । उनी कल्पनालाई मानवीय अनुभवमा सहायक भूमिका हुने तफ्व र रचना/कलामा उक्त अनुभवलाई सङ्गठित रूपाकार प्रदान गर्ने शक्ति भएको तफ्व मान्दछन् । अनुभूतिको संरचनाको धारणामा कल्पनाको सृजनशील पक्षको व्याख्या गर्ने ठाउँ रहन्छ तर विश्वदृष्टिमा सृजनशीलता प्रायः उपेक्षित भई रहन्छ । अनुभूतिको संरचनाले इलियटको सृजनशीलताको धारणासित सामिप्यता राख्दछ । रेमन्ड विलियम्ले अनुभूतिको संरचनाको माध्यमबाट रचनाको वैयाक्तिक, जीवन्त र आत्मपरक पक्षको व्याख्या गरेका छन् । उनको अनुभूतिको संरचनाको महफ्पूर्ण धारणा कुनै रचनामा गरिने विशिष्ट अनुभव वा वैयाक्तिकताको प्रकटीकरण अनुभूतिको स्तरमा नै हुन्छ, विचारको स्तरमा हुँदैन भन्ने नै हो । अनुभूति सामान्यतया संरचना विहीन जस्तो लागे पनि यो बिना संरचना कला वा साहित्यमा व्यक्त हुन सक्दैन भन्ने विचार उनले प्रस्तुत गरेका छन् (पाण्डेय, १९८९, पृ. १८४) । यसरी कुनै पनि रचनामा अभिव्यक्त अनुभूतिको संरचनाबाट सामाजिक जीवनमा रहेको अनुभूतिको संरचना पहिचान गर्न सकिन्छ भन्ने धारणा विलियम्सले प्रस्तुत गरेको अनुभूतिको संरचना हो भन्ने बुझ्न्छ ।

रेमन्ड विलियम्सद्वारा प्रतिपादि अनुभूतिको संरचनाको धारणाको सार सामाजिक प्रक्रियामा जे अव्यवस्थित र अनिश्चित हुन्छ त्यसैबाट कला र साहित्यको वास्तविक सामाजिक अन्तर्वस्तु निर्माण हुन्छ भन्ने नै हो ।

उनले विश्वव्यवस्थाहरू, संस्थाहरू र व्यक्तिका सामान्य सम्बन्धहरू अर्थात् विचारधाराबाट अनुप्रणित विभिन्न लेखकीय विषयहरू जुन भावनात्मक रूपले मानवीय चेतनामा प्रगाढ रहेको हुन्छ त्यो नै अनुभूतिको संरचना हो भन्ने निष्कर्ष निकालेका छन् । अर्को अर्थमा यस अवधारणालाई संरचनाविहीन संरचना पनि भन्न सकिन्छ ।

## विलियम्सको योगदान

साहित्यिक समाजशास्त्री रेमन्ड विलियम्सको मुख्य योगदान संस्कृतिको समाजशास्त्र र अनुभूतिको संरचनाको विवेचनामा रहेको छ । उनका मुख्य कृतिहरूमा *कल्चर एन्ड सोसाइटि,* (१९५८), *बोर्डर कन्ट्री* (१९६०), *दि लङ्ग रिभोल्युसन* (१९६१), *मोडर्न ट्रेजेडि* (१९६६), *अर्वेल* (१९७१), *कम्युनिकेसन* (१९७२), *दि कन्ट्री एन्ड दि सिटी* (१९७३) *टेलिभिजन : टेक्नोलजी एन्ड कल्चरल फर्म* (१९७४), *कि वर्डस् : अ भोक्याबुलरि अफ लिटरेचर एन्ड सोसाइटी* (१९७६), *मार्क्सिजम एन्ड द लिटरेचर* (सन् १९७७) र *कल्चर एन्ड मट्रिलिज्म* (१९८०) जस्ता कृतिका महफ्वपूर्ण मानिन्छन् । उनले यिनै कृतिका माध्यमबाट आफ्ना उत्कृष्ट विचार र धारणाहरू प्रस्तुत गरेका छन् । उनको *अर्वेल* जर्ज अर्वेलका रचनाको अपव्याख्याको विरोधमा गरिएको समालोचना हो । यी बाहेक विलियम्सले अन्य दर्जनौं पुस्तकहरू लेखेका छन् ।

रेमन्ड विलियम्सको *रिडिङ् एन्ड क्रिटिसिज्म* (१९५०) र *ड्रामा फ्रम इब्सन टु इलियट* (१९५२) मा पहिलो चरणको चिन्तन देखा पर्छ । उनको यस चरणको चिन्तन एफ्. आर. लिविसको विचारधाराबाट प्रभावित छ । यस चरणमा उनी लिविसवादी आलोचक बनेका छन् । यस्तै 'कल्चर एन्ड सोसाइटि' र 'दि लङ्ग रिभोल्युसन' मा लिविसको प्रभावबाट विस्तारै मुक्त भएका छन् । यस चरणमा उनी मार्क्सवाद तर्फ उन्मुख रहेको पाइन्छ । यहाँ उनी विवाद र संवाद केन्द्रित रहेका छन् । यस पछि यिनी *दि कन्ट्री एन्ड दि सिटी* र *मार्क्सिजम एन्ड लिटरेचर* मा बहस र संवादलाई निरन्तरता दिँदै लिविस र मार्क्सवादी विचार पथको बिचबाट अगाडि बढेका छन् । उनले यस चरणमा उनले लिविसवादी परम्परालाई पुरै विच्छिन्न पारेका छैनन् र मार्क्सवादी मान्यतालाई निर्द्वन्द्वभावबाट स्वीकार गरेका पनि छैनन् । उनको संस्कृतिको समाजशास्त्र र अनुभूतिको संरचनामा गरिएको व्याख्या यसै मान्यतामा आधारित रहेको देखिन्छ । रेमन्ड विलियम्सको समाजशास्त्रीय अध्ययन प्रणाली साहित्यिक कृतिहरूको अध्ययन गर्ने एउटा पद्धतिमात्र हो । यसका सम्बन्धमा वच्चन सिंह लेख्छन्-

> साहित्य मनुष्यको समग्र जीवनसित सम्बद्ध रहन्छ । आर्थिक जीवन बाहेक एक प्राणिका रूपमा जीवन विताउने मानव जातिको साहित्यमा तिनका आदिम भावनाहरू प्रतिफलित हुन्छन् । साहित्य विचारधारा मात्र नभई त्यसमा मनुष्यको इन्द्रियबोध, उसका भावनाहरू र आन्तरिक प्रेरणाहरू पनि व्यञ्जित हुने गर्दछन् । साहित्यको यो पक्ष स्थायी हुन्छ । साहित्यको मूल्याङ्कन स्थायी र अस्थायी दुवै आधारमा गरिन्छ । समाजशास्त्रीय विश्लेषण एक पद्धतिमात्र हो, समग्र पद्धति होइन (सन् २०११ पृ.९३) ।

यसबाट के बुझिन्छ भने विलियम्सको समाजशास्त्रीय अवधारणा साहित्यिक कृतिको समाजशास्त्रीय अध्ययन गर्ने एक पद्धति मात्र हो । संस्कृतिको समाजशास्त्र र अनुभूतिको संरचनाको अध्ययनले मात्र कुनै साहित्यिक कृतिको समग्र अध्ययन हुन सक्दैन भनी बुझ्नु अश्यक छ । उनको चिन्तन र लेखनको क्षेत्र व्यापक रहेको छ । उनले ब्रिटिस समाजका समकालिन राजनीतिक समस्याका साथै सांस्कृतिक सवाल र समस्याबारे सविस्तार विवेचना गरेका छन् । उनको लेखनको मुख्य क्षेत्र संस्कृति र त्यसको नयाँ पुराना रूपको इतिहास एवं समकालीन विकासको अवस्था हो ।

## निष्कर्ष

रेमन्ड विलियम्सको *संस्कृतिको समाजशास्त्र* र *अनुभूतिको संरचना* कुनै पनि साहित्यिक कृतिमा रहेको सामाजिकता र लेखकीय मर्मको विश्लेषण गर्न उपयुक्त समालोचकीय दृष्टिकोण हो । समाज र संस्कृतिको सम्बन्धबिच रहेको समस्या त्यसबेला मात्र देखा पर्छ जुनबेला संस्कृति र समाजमा ऐतिहासिक दृष्टिबाट कुनै महत्त्वपूर्ण परिवर्तन घटित हुन जान्छ । समाजसित संस्कृतिको विभिन्न रूपका सम्बन्धमा विचार पुऱ्याउने लेखक नै महत्त्वपूर्ण हुन्छ भन्ने धारणा विलियम्सले प्रस्तुत गरेका छन् । उनले साहित्य र त्यसका रूपबारे गम्भीर चिन्तन गर्दै अंग्रेजी आलोचनालाई नयाँ गोरेटो प्रदान गरेका छन् । उनको लेखनमा सांस्कृतिक इतिहास, विचारको इतिहास, सामाजिक आलोचना, साहित्यको इतिहास र समाजशास्त्रीय चिन्तन सबै भेटिन्छन् । उनले संस्कृतिसम्बन्धी अभिजात आग्रहलाई विरोध गर्दै संस्कृतिको जनवादी मूल्य स्थापना गरेका छन् । विलियम्स प्रतिपादित *अनुभूतिको संरचना* साहित्यको समाजशस्त्रीय अध्ययन गर्ने फरक दृष्टिकोण हो । उनी कुनै रचनामा व्यक्त अनुभूतिको संरचनाबाट नै सामाजिक जीवनमा रहेको अनुभूतिको संरचनाको पहिचान गर्न सकिन्छ भन्ने विचार राख्दछन् । उनको यो अवधारणा अस्पष्ट र अमूर्त भएको आरोप पनि लागेको छ । उनले सामाजिक प्रक्रियामा जेजस्ता अव्यवस्था छन् जे जे अनिश्चित छन् तिनैबाट कला र साहित्यको वास्तविक सामाजिक अन्तर्वस्तु निर्माण हुने कुरामा विश्वास गरेका छन् । मानवीय विश्वास, सामाजिक व्यवस्था, सामाजिक संस्था, साहित्यमा अभिव्यक्त विचारधारा वा तिनका बिचको सामान्य सम्बन्धभन्दा पनि छुट्टै जुन अन्तश्चेतनामा रहेको भाव शक्ति हुन्छ त्यही विषयबोधमा अनुभूतिको संरचना हुन्छ भन्ने आग्रह राखेका छन् । यसबाट समाज र साहित्य बिचको सम्बन्ध अलिक रहस्यमय बन्न गएको अनुभव हुन्छ भन्ने समालोचकहरूको धारणा रहेको छ ।

## सन्दर्भ सामग्री:


जैन, निर्मला (सम्पा. सन् १९९२), *साहित्यका समाजशास्त्रीय चिन्तन,* दिल्ली विश्वविद्यालय : हिन्दी माध्यम कार्यान्वयन निदेशनालय ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, मैनेजर (सन् १९८९). *साहित्य के समाजशास्त्र की भूमिका,* चण्डीगढ : हरियाणा साहित्य अकादमी ।

पाण्डेय, शशिभूष 'शीतांशु' (सन् १९९२). *मार्क्सवादी समाजशास्त्रीय और ऐतिहासिक आलोचना,* नयाँ दिल्ली : राधाकृष्ण प्रकाशन प्राइभे लिमिटेड ।

विलियम्स, रेमन्ड (सन् १९६१). *द लङ्ग रिभोलुसन,* लन्डन : च्याटो एन्ड विन्डस ।

सिंह, बच्चन (सन् २०११). *साहित्यका समाजशास्त्र,* इलाहवाद : लोकभारती प्रकाशन ।